

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १९३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन १० गते बिहीबार ❑ 25 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## सौर्य एयरको विमान दुर्घटना

**रासस**
काठमाडौं, ९ साउन

काठमाडौंबाट पोखरातर्फ प्रस्थान गर्नेक्रममा सौर्य एयरको ९ एन एएमई जहाज दुर्घटना हुँदा विमानमा सवार १८ जनाको निधन भएको छ।

प्राधिकरणका अनुसार अमितमान महर्जन, सागर आचार्य (सेफ्टी प्रमुख), अश्विन निरौला (सिएएमओ म्यानेजर), दिलीप वर्मा (क्यूए प्रमुख), यज्ञप्रसाद पौडेल, शुसान्त कटुवाल (को-पाइलट), सुदीपलाल जोशी, सर्वेस मरासिनी, श्याम विन्दुकार, नवराज आले, राजाराम आचार्य, प्रिज्जा खतिवडा, अधिराज शर्मा, उद्धव पुरी, मनुराज शर्मा, सन्तोष महतो, पुण्यरत्न शाही, एरिफ रेडा (विदेशी नागरिक)ले ज्यान गएका छन् । उक्त विमानका पाइलट मनिष शाक्य गम्भीर घाइते हुनुभएको छ । उहाँको हाल सिनामङ्गलस्थित केएमसी अस्पतालमा उपचार भइरहेको छ।

उक्त जहाज उड्ने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको 'रन वे' पूर्वतर्फको खाल्डोमा खसेको थियो । सौर्य एयरको जहाज मर्मतका लागि कर्मचारी र प्राविधिक लिएर पोखरा जाँदै गरेको उक्त विमान दुर्घटनामा परेको हो । सरकारले विमान दुर्घटनाबारे छानबिन गर्न पाँच सदस्यीय जाँचबुझ आयोग गठन गरेको छ । सिंहदरबारमा बुधबार बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक रतिशचन्द्र लाल सुमनको अध्यक्षतामा आयोग गठन गरेको सञ्चार तथा सूचना



प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिनुभयो ।

आयोगको सदस्यमा नेपाल वायुसेवा निगमका क्याप्टेन दिपुराज ज्वार्चन, पुल्चोक क्याम्पसका प्राध्यापक कुलदीप भट्टराई, श्री एयरलाइन्सका इञ्जिनियर सञ्जय अधिकारी रहनुभएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका एयर ट्राफिक कन्ट्रोलर (एटिसी) अधिकृत मुकेश डङ्गोल सदस्य सचिव रहनुभएको छ । आयोगलाई वायुयानको सत्यतथ्य जाँचबुझगरी ४५ दिनभित्र प्रतिवेदन पेस गर्न समय दिइएको छ। सञ्चारमन्त्री गुरुङकानुसार आगामी दिनमा हवाई दुर्घटना हुन नदिन स्वदेशी तथा विदेशी वायुसेवा सञ्चालन गरिरहेका सञ्चालक कम्पनीले विमानको अनिवार्य प्राविधिक परीक्षण गर्ने र प्राधिकरणले सोको सघन अनुगमन गर्ने निर्णय गरेको छ। यस शोकको घडीमा बिहीबार राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरेको छ।

यसैगरी सौर्य एयरलाइन्सको दुर्घटनामा परी निधन भएकाको शव परीक्षण सुरू भएको छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा मृतक १८ जनाको शव परीक्षण सुरू भएको हो । अस्पतालका फरेन्सिक मेडिसिन विभागका प्रमुख डा गोपालप्रसाद चौधरीले चार वटा शव परीक्षण गरेर शवको पहिचानको काम सुरू गरिएको जानकारी दिनुभयो। उहाँकानुसार एक जनाको शव पत्ता लगाउनका लागि चार घण्टा लाग्नेछ। अस्पतालमा जनशक्ति कम भएकाले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, भक्तपुर अस्पताल, धुलिखेल अस्पताल, पोखराबाट समेत चिकित्सक बोलाइएको र उहाँहरू भोलिसम्म आइपुग्ने अस्पतालका डा चौधरीले बताउनुभयो। मृतकका आफन्तले उपलब्ध गराएको विवरणअनुसार म्याचिङ गरेर सबै शवको पहिचान ७२ घण्टाभित्र गर्ने उहाँले बताउनुभयो । "आफन्तजनले दिएको विवरणअनुसार शवलाई म्याच गराएर पहिचान प्रक्रिया पूरा गर्नेछौं । सकेसम्म आवश्यक काम चाँडो गरेर शव दिने हाम्रो कोशिस छ", डा चौधरीले भन्नुभयो, "शव धेरै नै जलेको हुनाले पहिचान गर्न समय लाग्नेछ ।"अस्पतालमा सुरूमा परीक्षण गरिरहेका चार वटा शव सय प्रतिशत जलेको उहाँको भनाइ छ । शव पहिचानका लागि फिङ्गर प्रिन्ट, दाँतको विवरण, हुलिया र डिएनए परीक्षण विधि अपनाइन्छ। उहाँले फिङ्गर प्रिन्ट, दाँतको विवरण, हुलिया विधिबाट शव पहिचान नभए अन्तिममा डिएनए विधिबाट शव पहिचान गर्ने बताउनुभयो । डिएनए विधिबाट शव पहिचान गर्न कम्तीमा दुई हप्ता लाग्ने उहाँको भनाइ छ । शव परीक्षणगरी पहिचान गर्नका लागि २५ जना चिकित्सकसहितको प्राविधिक टोली खटेको छ।

यसैगरी प्राधिकरणका अनुसार नेपालको हवाई उडानको इतिहासमा हालसमम सबै प्रकारका वायुयानगरी एक सय आठ दुर्घटना भएका छन् । ती दुर्घटनामा परी नौ सय ५९ जनाको मृत्युभएको छ । दुर्घटनामध्ये विदेशी दर्ता विमान १० दुर्घटनमा तीन सय ७९, हेलिकोप्टरतर्फ ३९ दुर्घटनामा ९२ जनाको मृत्यु, सिङ्गल इन्जिन विमानको आठ वटा दुर्घटना हुँदा २५ जना र 'फिक्स विङ्ग' विमान ५० वटा दुर्घटना हुँदा चार सय ५१ जनाको मृत्यु भएको छ।

## गण्डकीमा रोपाइँ: बागलुङमा सबैभन्दा बढी, गोरखामा कम

**पोखरापत्र संवाददाता**
पोखरा ९ साउन

साउन पहिलो सातासम्ममा गण्डकी प्रदेशमा करिब ८४ दशमलव २६ प्रतिशत रोपाइँ भएको छ । सबैभन्दा बढी बागलुङमा ९५ दशमलव ०१ र गोरखामा जम्मा ५४ दशमलव ७३ प्रतिशत रोपाइँ भएको प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ।

कास्कीमा ९५, नवलपरासीमा ९२, तनहुँमा ९२, स्याङ्जामा ८५, पर्वतमा ८०, लजजुङमा ७९ र म्याग्दीमा ६९ दशमलव ३६ प्रतिशत रोपाइँ भएको हो । निर्देशनालयका कृषि अधिकृत रञ्जना पोखरेलकानुसार यसवर्ष प्रदेशभरिमा करिब ९६ हजार ५३ हेक्टर क्षेत्रफलमा धान खेती हुने अनुमान छ । गत वर्ष ९७ हजार सात सय ६९ हेक्टरमा धान खेती गरिएको थियो । प्रदेशको कूल चार लाख ७९ हजार छ सय १७ हेक्टर खेतीयोग्य जमिनमध्ये वर्षेनी करिब एक लाख हेक्टरमा वर्षे धान लगाइने गरिएको छ। आगामी साताभित्रमा प्रदेशभर रोपाइँ सकिने अनुमान गरिएको कृषि अधिकृत पोखरेलले बताउनुभयो ।

गत असार १५ गतेसम्ममा प्रदेशमा जम्मा १५ प्रतिशत रोपाइँ भएकामा त्यसयता बढेर ८४ प्रतिशत पुगेको हो । पछिल्लो समय मनसुन सक्रिय भएकाले रोपाइँ सहज भएको छ। आकाशे पानीमा निर्भर किसान पनि यतिबेला रोपाइँमा व्यस्त छन् । बाह्रैमास सिँचाइ सुविधा भएका र दुई बाली फल्ने यहाँका फाँटमा त मध्यजेठदेखि नै रोपाइँ सुरू हुन्छ। यसवर्ष रोपाइँका लागि मलको अभाव नरहेको निर्देशनालले जनाएको छ । हिमालपारिका जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धान खेती हुँदै आएको उहाँको भनाइ छ।

नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धान खेतीको क्षेत्रफल बढी छ। धान खेतीका लागि यहाँका विभिन्न जिल्लामा पकेट क्षेत्र तोकिएका छन् । गोरखाको छेवेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकै खोला, हाँडीखोला, पामे र लेखनाथ यहाँका धान पकेट क्षेत्र हुन् । यस्तै, पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैँडाकोटलगायतलाई धानका पकेट क्षेत्र तोकिएको छ। गण्डकीका किसानले सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानको खेती गर्दै आएका छन्।

## विपद्को डरले वर्षायाममा रातभर निदाउदिन : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पर्वत, ९ साउन


गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले वर्षायाम लागेपछि रातभर निद्रा लाग्न छाडेको बताउनुभएको छ।

ब्रम्हाकुमारी ईश्वरीय विश्वविद्यालय पर्वत शाखा र कुश्मा नगरपालिकाको आयोजनामा आजदेखि कुश्मामा सञ्चालित पाँचदिने राजयोग प्रशिक्षण कार्यक्रमलाईसम्बोधनगर्दैमुख्यमन्त्री पाण्डेले विपद्को त्रासले रातभर निद्रा लाग्न छाडेको बताउनुभयो। यस वर्षको मनसुन सुरु भएदेखि गण्डकी प्रदेशमा सबैभन्दा बढी मानवीय र भौतिक क्षति भएको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "जब रातमा वर्षा हुन्छ अनि भोलि बिहान कुन जिल्लामा के घटना घट्छ भन्ने भयले मन त्रसित हुन्छ ।" उहाँले प्रदेशवासी नागरिकलाई आवश्यक सतर्कता अपनाउन आग्रह गर्दै सबै जिल्लामा सुरक्षा व्यवस्थापन चुस्त बनाइएको बताउनुभयो । भारी वर्षापछिको बाढीपहिराका कारण गण्डकी प्रदेशमा धेरै सङ्ख्यामा मानवीय क्षति हुनुका साथै पशुचौपाया, घरगोठ, सडक, पुललगायतका भौतिक संरचनामा क्षति पुगेको बताउँदै मुख्यमन्त्री पाण्डेले उनीहरुको


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## गुरुङ सम्पदा पदमार्ग घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ साउन

गुरुङ पर्यटन व्यवसायी सङ्घ, गण्डकी प्रदेशले कास्कीको मादी गाउँपालिकाबाट सुरु भई मनाङको चामे गाउँपालिकाको तिमाङ जोडिने गुरुङ सम्पदा मार्गको औपचारिक घोषणा गरेको छ।

सङ्घले नेपाल पर्यटन बोर्डको प्रवर्द्धन एवं पर्यटन मन्त्रालय गण्डकी प्रदेश, मादी गाउँपालिका कास्की, लमजुङको क्होलासौंथर र मर्स्याङ्दी गाउँपालिका र चामे गाउँपालिका मनाङको सहयोगमा बुधबार पोखरामा आयोजित समारोहमा उक्त पदमार्ग घोषणा गरेको हो।

पदमार्गको गण्डकी प्रदेश सरकारका आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले नक्शा सार्वजनिक गर्दै औपचारिक रूपमा घोषणा गर्नुभयो । उहाँले पछिल्लो समय पदमार्गहरू मासिँदै गएका अवस्थामा घोषित गुरुङ सम्पदा पदमार्ग गण्डकी प्रदेशसहित पदयात्रा पर्यटनका लागि महत्वपूर्ण बन्ने विश्वास व्यक्त गर्नुभयो । पर्यटन क्षेत्रको



विकासलाई दृष्टिगत गर्दै प्रदेश सरकारले प्रदेशस्तरीय पर्यटन गुरुयोजना तयार गर्ने मन्त्री गुरुङले बताउनुभयो । गण्डकी प्रदेशमा आठ हजार मिटर भन्दामाथि तीनवटा हिमाल रहेका चर्चा गर्दै उहाँले यहाँको पर्वतीय र पदयात्रा पर्यटनको सम्भावनालाई उजागर गर्नुपर्नेमा जोड दिनुभयो।

गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशका अध्यक्ष किसमकुमारी गुरुङले गत जेठ २१ देखि ३० गतेसम्म ताङतिङबाट तिमाङसम्म जोडिने गुरुङ सम्पदा पदमार्गमा इञ्जिनियर, अन्वेषक, जिपिएस एक्सपर्ट, सञ्चारविज्ञ, पर्यटक पथप्रदर्शकसहित ३७ सदस्यीय टोलीले स्थलगत अनुसन्धान गरेको जानकारी दिनुभयो।

सङ्घका संस्थापक अध्यक्ष बोबरजङ्ग गुरुङले गुरुङ समुदायको ऐतिहासिक उद्गमस्थल क्होलासौंथरसँगै जोडिएका पुरानो बस्तीसँगै प्राचीन नुन व्यापारिक मार्गलाई यस पदमार्गले समेट्ने बताउनुभयो । प्रकृति र संस्कृतलाई पर्यटनसँग जोड्ने यो पदमार्गको संरक्षण, प्रवर्द्धन र उपयोगमा राज्य तथा निजी क्षेत्रको सामूहिक प्रयास आवश्यकरहेकामा उहाँले जोड दिनुभयो। सङ्घका केन्द्रीय सदस्य सञ्जीव गुरुङले हिमाललाई नजिकबाट नियाँल्दै पदयात्रा गर्न सकिने यस पदमार्गको पर्यटकीय दृष्टिकोणबाट पनि प्रवर्द्धन गर्न सकेमा नेपालको उत्कृष्ट गन्तव्यका रूपमा स्थापित हुने विश्वास व्यक्त गर्नुभयो।

गण्डकी प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री बेदबहादुर गुरुङले यसको संरक्षणसहित पर्यटकीय उपयोगमा सबैको सामूहिक प्रयास हुनुपर्ने बताउनुभयो।

प्रदेशसभा सदस्य देवका पहारी, मादी गाउँपालिका अध्यक्ष देवीजङ्ग गुरुङ, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख नवीन पोखरेल, पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, गुरुङ पर्यटन व्यवसायी सङ्घ केन्द्रका कार्यवाहक अध्यक्ष बाबुराम गुरुङ, गण्डकी प्रदेशका महासचिव तुल गुरुङ, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना(एक्याप)का प्रमुख रवीन कडरिया, नेपाल पत्रकार महासङ्घ कास्कीका अध्यक्ष विमला भण्डारीलगायत सहभागीले पोखरासहित समग्र गण्डकी प्रदेशमा पर्यटकको बसाइँ लम्ब्याउन पदमार्ग सहयोगी बन्ने विश्वास व्यक्त गर्नुभएको थियो।

# स्याङ्ग्जा ट्राफिक प्रहरीद्धारा एक करोड बढि राजश्व संकलन

पोखरापत्र संवाददाता
स्याङ्जा, ९ साउन

जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जाले आर्थिक वर्ष २०८०/०८१ मा एक करोड भन्दा बढि राजश्व संकलन गरेको छ। ट्राफिक नियम उल्लङ्घन गर्ने १४ हजार ६ सय १० सवारी साधनलाई कारबाही गर्दा एक करोड १० लाख ९७ हजार राजश्व संकलन भएको हो।

ट्राफिक नियम उल्लंघन गर्ने सवारी साधन मध्ये सबै भन्दा बढि ५ हजार मोटरसाईकल कारबाहीमा पर्दा ३९ लाख १२ हजार राजश्व संकलन भएको ट्राफिक प्रहरीले जनाएको छ। प्रहरीका अनुसार कारबाहीमा परेका ३६ सय ८ जिप, कार भेनबाट २६ लाख ८४ हजार राजश्व उठेको छ। प्रहरीले नियम उल्लंघन गर्ने १५ सय २४ ट्रकलाई कारबाही गर्दा ११ लाख २९ हजार राजश्व संकलन भएको छ भने एक



हजार ९ सय ३२ बस कारबाहीमा पर्दा १४ लाख ३१ हजार ५ सय र ११ सय ६६ ट्याक्टरलाई कारबाही गर्दा ९ लाख ४५ हजार राजश्व संकलन भएको छ। ट्राफिक प्रहरीले सवारी चेकजाँच गर्ने क्रममा ५ वर्ष भन्दा बढि समय नविकरण नगरेका सवारी साधनलाई लनियन्त्रणमा लिएर यातायात कार्यालय पोखरामा बुझाएसँगै झण्डै २७ लाख अतिरिक्त राजश्व संकलन उठेको जिल्ला ट्राफिक प्रहरी प्रमुख केशर बहादुर मल्लले दाबी गरे।

ट्राफिक प्रहरीको सक्रियतासँगै वर्षेनी राजश्व संकलनमा बृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०७९/०८० मा ट्राफिक प्रहरीले १३ हजार बढि सवारी साधनलाई कारबाही गर्दा १० लाख ७२ हजार राजश्व संकलन गरेको थियो। अघिल्लो वर्ष भने ७० लाख ८४ हजार मात्रै राजश्व संकलन भएको थियो। आर्थिक वर्ष २०८०/०८१ मा भएको १७ सवारी दुर्घटनामा १२ जनाले ज्यान गुमाएको ट्राफिक प्रहरले जनाएको छ। दुर्घटनामा ४ जना गम्भिर र ५ सामान्य घाईते भएका थिए। गएको वर्ष १८ सवारी दुर्घटनामा १२ जना महिला तथा पुरुषले ज्यान गुमाएको प्रहरीसँग तथ्याङ्क छ। सवारी दुर्घटना न्यूनिकरण गर्न ट्राफिक प्रहरीले विद्यालय तथा समुदायसँगको सहकार्यमा सचेतनामुलक कार्यक्रम संचालन गर्दै आएको छ। जिल्लाको फेदीखोला, सेतिदोभान, वालिङ, गल्याङ, छाप र चापाकोटका ट्राफिक चेकपोष्टबाट प्रहरीले सचेतनामुलक कार्यक्रम गर्दै आएको ट्राफिक प्रहरी हेमबहादुर मल्लले जानकारी दिए।

# श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनको पूर्व सन्ध्यामा कलशयात्रा

पोखरापत्र संवाददाता
पोखरा, ९ साउन

एक महिने श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनको पूर्व सन्ध्यामा पोखरामा कलश यात्रा निकालिएको छ।

श्रीक कृष्ण प्रणामी सेवा समिति पोखरा ८ रत्नचोकको आयोजनामा आगामी श्रावण १० श्रावण कृष्ण पञ्चमी देखि भदौ १० गते भाद्र कृष्ण अष्टमीसम्म श्रीकृष्ण प्रणामी मन्दिर रत्नचोकमा आयोजना गर्न लागेको श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनको पूर्व सन्ध्यामा बुधवार पोखरामा कलश यात्रा सम्पन्न भएको हो। श्रीकृष्ण प्रणामी मन्दिर पोखरा ८ रत्नचोकबाट शुरु भएको कलश यात्रा रत्नचोक, सिर्जनाचोक, सभागृहचोक, पृथ्वीचोक, नागढुंगा, चरक हस्पिटल, इन्द्रपुरी टोल, जनप्रियमार्ग हुँदै पुन श्रीकृष्ण प्रणमी मन्दिरमा पुगी सम्पन्न भएको श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष मोहन प्रसाद



ढकालले जानकारी दिए।

अध्यक्ष ढकालका अनुसार आगामी श्रावण कृष्ण पञ्चमी देखी भदौ १० गते भाद्र कृष्ण अष्टमीको दिन सम्म एक महिने श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनको पूर्व सन्ध्यामा कलशयात्रा मार्फत पोखराको विभिन्न ठाउहरुको परिक्रमा गरिएको हो। उक्त प्रवचन कार्यक्रममा श्रीकृष्ण प्रणामी धर्मका धर्म प्रचारक तुलसी स्वरुप महाराज ज्यूको मुखारविन्दबाट संगीतमय कथा प्रवचन हुने छ। यसैविच उक्त कार्यक्रमको बिहीबार श्रावण १० गते गण्डकी प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री विन्दुकुमार थापाले बिहान १० बजे उद्घाटन गन कार्यक्रम रहेको श्रीकृष्ण प्रणामी सेवा समिति श्रीकृष्ण मन्दिर पोखरा ८ का निवर्तमान अध्यक्ष तथा कार्यक्रम संयोजक पुरुषोत्तम रेग्मीले जानकारी दिए। कलश यात्राको कार्यक्रम संयोजन बाइजुराज महिला समितिका अध्यक्ष विष्णु पराजुलीले गरेकी थिइन भने कार्यक्रमको सञ्चालन समितिका सचिव लक्ष्मण बरालले गरेका थिए।

# माछापुच्छ्रेका ३८ विद्यालयमा प्रतिस्पर्धाबाट प्रधानअध्यापक

पोखरापत्र संवाददाता
पोखरा, ९ साउन

माछापुच्छ्रे गाउँपालिकाले ३८ सरकारी विद्यालयमा प्रतिस्पर्धाका आधारमा प्रधानाध्यापक चयन गरी नियुक्तिको प्रक्रिया प्रारम्भ गरेको छ।

साथै पालिकाले पाँच वर्षका लागि करारमा प्रधानाध्यापक छनोट गर्न सार्वजनिक सूचना निकालेर दरखास्त आह्वान पनि गरेको छ। गाउँपालिकाले आधार भूत तह (१-५) का लागि १८, आधारभूत तह (६-८)का लागि १० र माध्यमिक तह (९-११)का लागि चारजना र माध्यमिक तह (११-१२)का लागि छ गरी ३८ जना प्रधानाध्यापकका लागि दरखास्त आह्वान गरेको हो।

विद्यालय विकास प्रस्ताव तयारी र प्रस्तुति तथा प्रधानाध्यापक छनोट मापदण्डअनुसारको अङ्कका आधारमा विद्यालयमा प्रअ छनोट गरिने सूचनामा जनाइएको छ। प्रधानाध्यापक छनोटका लागि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन पनि भएको छ।

# विपद्को ...

राहत र उद्धारका लागि सरकारले हरदम प्रयास गरेको बताउनुभयो। उहाँले जिल्ला जिल्लाबाट राहत र उद्धारका सामग्रीका साथै बजेट माग भइरहेको भन्दै प्रदेश सरकारले आवश्यक सहयोगका लागि पहल गरिरहेको बताउनुभयो। अर्को प्रसङ्गमा मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशका सबै जिल्लाका विद्यालयमा नैतिक शिक्षाको पढाइ सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको बताउनुभयो। पछिल्लो समय परिवार र समाजमा नैतिकता, संस्कार, रीतिरिवाजजस्ता प्रचलन हराउँदै गएको भन्दै उहाँले यसको जगेर्ना गर्नका लागि नैतिक शिक्षा अनिवार्य रुपमा पढाउनुपर्ने आवश्यकता देखिएको बताउनुभयो। मुख्यमन्त्री पाण्डेले केन्द्रमा समीकरण फेरिएसँगै प्रदेश सरकारमा मन्त्रिमण्डल विस्तारको प्रक्रिया सुरु भएको र केही दिनमा एमाले र कांग्रेसको सरकार बन्ने दाबी गर्नुभयो। साउन १३ गतेसम्म सञ्चालन हुने योग प्रशिक्षणमा वरिष्ठ राजयोग प्रशिक्षक राजु घलेले सकारात्मक सोच, शान्ति र खुसीको अनुभूति गर्ने विधि, आपसी सम्बन्धमा मधुरता, तनावमुक्त जीवनलगायत बारेमा प्रशिक्षण दिनुहुने भएको छ।

कार्यक्रममा जिल्ला समन्वय समिति पर्वतका प्रमुख विष्णुराम विक, कुश्मा नगरपालिकाका नगरप्रमुख रामचन्द्र जोशी, मोदी गाउँपालिकाका अध्यक्ष हीरादेवी शर्मा, वरिष्ठ योग प्रशिक्षक राजु घलेलगायतले सम्बोधन गर्नुभएको थियो।

# वाढी प्रभावितलाई ट्याक्सीको राहत

पोखरापत्र संवाददाता
पोखरा, ९ साउन

सेती नदीमा आएको वाढीले बास नै बगाइदिएपछि बिचल्लीमा परेका परिवारलाई खाद्य सामग्री वितरण गरिएको छ।

पोखरा अन्तर्राष्ट्रिय बिमानस्थल ट्याक्सी सेवा केन्द्रले बुधबार पोखरा-१४ गस्ती टोलका ११ परिबारलाई खाद्य सामग्री वितरण गरेको हो। उक्त टोलका ३९ घर गत असर महिनाको २२ गते सेती नदीमा आएको वाढीले बगाइदिएको थियो। वाढीबाट विस्थापित ३९ परिवारलाई उक्त वस्ती निजकको चौरमा पाल लगाएर अस्थाई बसोबासको व्यवस्था मिलाइएको छ। केन्द्रले बुधबार विहान वाढी प्रभावित ११ परिवारलाई दाल चामल लगायतका खाद्य सामग्री वितरण गरेको छ।

खाद्य सामग्री वितरण गर्दै पोखरा महानगरपालिका वडा नं १४ वडाध्यक्ष वोधबहादुर कार्कीले दुःखमा परेका परिवारलाई मानवीय सेवा गर्नु नै मानव कतव्य भएको बताउँदै अन्य विस्थापित परिवालाई पनि राहत सामग्रहीको आवश्यकता परेको बताउनुभयो। वास



नै भत्केर विचल्लिमा परेका परिवारलाई सार्वजनिक जग्गामा वासको व्यवस्था गर्न पोखरा महानगरपालिका कार्यालय र अन्य सहयोगी संस्थामने सहयोग आवश्यक परेको बताउनुभयो। वडा कार्यालयले मात्र उनीहरुलाई व्यवस्थापन गर्न नसक्ने अवस्था भएकाले सहयोगी हातहरु आवश्यक परेको भनाइ वडाध्यक्ष कार्कीको छ।

दुःखमा परेका परिवारलाई केही मात्रामा भएपनि सहयोग गर्ने उद्देश्यले विमानस्थलमा आवद्ध ट्याक्सी चालकबाट सहयोग रकम उठाएर पचास हजार रुपैयाँ बरावरको खाद्य सामग्री ११ परिवारलाई वितरण गरिएको जानकारी पोखरा अन्तर्राष्ट्रिय विमानस्थल ट्याक्सी सेवा केन्द्रका अध्यक्ष केन्द्रबहादुर केसीले जानकारी दिनुभयो।

'राहत सामग्री विभिन्न संस्थाले गरेका छन्, हामीलाई त बासको चिन्ता छ, वाढी प्रभावित निग्मा शेर्पाले भन्नुभयो-वर्षाको समयमा त्रिपालमुनी कति समय सुत्ने हो, वर्षादको पानी सुत्ने बिस्तारा भरी भरिन्छ।' यि परिवार मात्र हैन पोखराको सेती किनारमा बसोवास गर्ने पाँच सय भन्दा वढी परिवार सेती वाढीको जोखिममा रहेको जानकारी वडाध्यक्ष बोधबहादुर कार्कीले दिनुभयो।

खाद्य सामग्री वितरण कार्यक्रममा पोखरेली ट्याक्सी सेवा प्रालिका अध्यक्ष शोभाकान्त पौडेल, नेपाल यातायात राष्ट्रिय व्यवसायी महासंघ खड्ग विश्वकर्मा, व्यवसायीहरु विजय मल्ल, नेत्र बहादुर विश्वकर्मा, जीत परियार, हरि पोखरेल लगायतको सहभागिता रहेको थियो।

# लायन्स राईजिङको बाडिपीडितलाई सहयोग


पोखरापत्र संवाददाता
पोखरा, ९ साउन

अविरल बर्षाको कारण मादी गाउँपालिका -११ तल्लो साप्ले निवासी बाडिपीडित ओम बहादुर गुरुङलाई हालै राहत वितरण गरेको छ।

मेरो जोन अन्तर्गत लायन्स क्लव अफ पोखरा राईजिङ स्टारले सामाजिक उत्तरदायित्व अन्तर्गत पोखरा भद्रकाली चोकमा गुरुङलाई राहत वितरण गरिएको हो। डिस्ट्रिक्टका प्रथम भाइस गभर्नर धनीराम बरालको प्रमुख अतिथिमा कार्यक्रम सम्पन्न भएको थियो। मादी गाउँपालिका -११ का वडा सदस्य बिजय खनाल, रिजन चेयर पर्सन लायन फडिन्द्र शर्मा लगायत क्लवका सदस्यहरुको उपस्थिती रहेको थियो। कार्यक्रममा पिडितलाई पचास हजर पाचँसय पचपन्न



रुपैयाँ बराबरको क्लबको चेक र खाद्यान्न वितरण गरिएको छ। असार २७ गते बिहीबार मध्ये राती ११:३० बजे परेको पानीले घरमाथी बाट पहिरो आएर घरमा सुतिरहेका बेला आमा र छोरालाई पहिरोले पुरेको थियो। आमा मैताकुमारी गुरुङको घटनास्थलमै मृत्यु भएको थियो भने छोरा ओम बहादुर गुरुङ घाइते भई बाच्न सफल भएका छन्। पहिरोको कारण धेरै धनजनको क्षेती सहित घरवारविहीन भएको कार्यक्रमका संयोजक तथा डिस्ट्रिकका डिप्युटी एडभाईजर लायन चोक बहादुर गुरुङले पोखरापत्रलाई वताए। लायन्स क्लव अफ पोखरा राइजिङका अध्यक्ष लायन थमनसिह गुरुङ अध्यक्षतामा कार्यक्रम भएको जोन चेयर पर्सनका रामु पौडेलले पोखरापत्रलाई वताए।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। – गौतम बुद्ध

## सम्पादकीय

# लापरबाहीले निम्त्याएको दुर्घटना

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बुधबार सौर्य एयरलाइन्सको विमान दुर्घटना हुँदा १८ जनाले ज्यान गुमाएका छन् । ज्यान गुमाउनेमा १७ जना नेपाली र एक विदेशी नागरिक रहेको नेपाल उड्डयन प्राधिकरणले जनाएको छ। विदेशी नागरिक यमनका हुन् । काठमाडौंबाट पोखराका लागि उडेको विमान उड्ने बित्तिकै दाँयातिर पल्टिँदै धावनमार्गको पूर्वतर्फ दुर्घटनामा परेको हो। चालकदलसहित १९ जना सवार विमानका क्याप्टेन मनीशरत्न शाक्यको उद्धारपछि उपचार भइरहेको छ। अन्य १८ जनाको मृत्यु भइसकेको प्राधिकरणले जनाएको छ।

ज्यान गुमाउनेमा अमृतमान महर्जन, सागर आचार्य, दिलिप बर्मा, मनुराज शर्मा, आश्विन निरौला, सुदिपलाल जोशी, सर्बेस मरासैनी, श्याम विन्दुकर, नवराज आले, राजाराम आचार्य, प्रिजा खतिवडा, अधिराज शर्मा, उद्दव पुरी, यज्ञप्रसाप पौडेल, सन्तोष महतो, पुन्यरत्न साही, यमनका नागरिक अरिफ रेदा र कोपाइलट शुसान्त कटुवाल रहेका छन् । एयरलाइन्सका ५ जना व्यवस्थापक नै दुर्घटनामा परेर ज्यान गुमाए । सौर्य एयरलाइन्सको सुरक्षा प्रमुख, मर्मत म्यानेजर समेत दुर्घटनामा परे । सौर्य एयरलाइन्सका अनुसार सुरक्षा प्रमुख सागर कुमार आचार्य, कन्टिन्युङ एयरवर्दिनेस म्यानेजमेन्ट अर्गनाइजेसन म्यानेजर अश्विन कुमार निरौला, जहाज मर्मत प्रमुख यज्ञप्रसाद पौडेल, अपरेसन डाइरेक्टर , दिलिप बर्मा क्वालिटी एस्विरेन्स प्रमुख दिलिप बर्मा ज्यान गुमाएका छन ।

सौर्य एयरलाइन्सको विमान दुर्घटनाको कारण पहिचान गर्न सरकारले पाँचसदस्यीय जाँच आयोग गठन गरेको छ। बुधबार बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले ४५ दिनभित्र सुझावसहितको प्रतिवेदन पेस गर्ने गरी जाँच आयोग गठन गर्ने निर्णय गरेको हो । नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक रतिशचन्द्र लाल सुमनको संयोजकत्वमा आयोग गठन भएको सरकारका प्रवक्ता तथा सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले बैठकप जानकारी दिए। 'उक्त दुर्घटनाको सम्बन्धमा विस्तृत जाँच गरी दुर्घटनाको कारण पहिचान गरी आगामी दिनमा यस किसिमका दुर्घटना हुन नदिन अपनाइनुपर्ने सुझावसहितको प्रतिवेदन ४५ दिनभित्र पेस गर्न गैरसैनिक हवाई उडान दुर्घटना जाँच नियमावली, २०७१ बमोजिम रतिशचन्द्रलाल सुमनको जाँच आयोग आयोगका सदस्यमा नेपाल वायु सेवा निगमका क्याप्टेन दिपु ज्वारचन, पुल्चोक क्याम्पसका प्राध्यापक कुलदीप भट्टराई र सञ्जय अधिकारी रहेका छन् । नेपाल नागरिक उड्डयन प्राधिकरणका एयर ट्राफिक कन्ट्रोल अफिसर मुकेश डंगोल सदस्य सचिव रहेका छन ।

आगामी दिनमा हवाइ दुर्घटना हुन नदिन आन्तरिक वायु सेवा चलाइरहेका सबै वायुसेवाले नियमित हवाई परीक्षण गराउनुपर्ने र त्यसको नेपाल नागरिक उड्डयान प्राधिकरणले त्यसको सघन अनुगमन गर्ने निर्णय समेत भएको छ।सरकारले बिहीबार शोक मनाउन राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय आकस्मिक मन्त्रिपरिषद् बैठकले गरेको छ। जहाज दुर्घटनामा धेरै पक्ष जोडिएका छन् । चालकदल र प्राविधिक टिमबाहेक असम्बन्धित व्यक्तिलाई पनि साथमा उडाउनु भनेको गम्भीर लापरबाही हो । 'प्राधिकरणले कसरी अनुमति दियो ? सौर्यले कसरी असम्बन्धित व्यक्तिलाई चढायो ? यस्ता सबै विषयमा छानबिन आयोगले हेर्नुपर्छ । यो जहाज दुर्घटनामा सौर्य एयरलाइन्स र प्राधिकरण दुवैबाट बराबरी गल्ती भएको छ । 'फेरी फ्लाइटमा चालकदल र प्राविधिक टिमबाहेक बटालियन जाने भन्ने हुँदैन।यस्तो उडानमा असम्बन्धित र अझै बच्चा पनि लान दिएर सौर्यले गम्भीर लापरबाही गरेको छ। यस्तो उडान हुनुअघि एकपटक चेक पनि नगर्ने प्राधिकरणको गल्ती झन् उस्तै छ । छानबिन आयोगले दुवैमाथि अनुसन्धान गर्नुपर्छ।' 'सौर्यका कर्मचारीहरूलाई पनि जहाज खालि जाने हो, जाउँ न त यसो पोखरा घुमेर पनि आइन्छ भनेर चढ्दा ज्यान गुमाउनु पर्यो ।

यो उड्डयन नियमको ठाडो उल्लंघन हो । मर्मतको उद्देश्यले लगिएको जहाजमा त्यति धेरै मान्छे लानु लापरबाहीको पराकाष्ठा हो । 'सम्बन्धित वायुसेवा र नियामक दुवैको लापरबाहीले यति ठूलो मानवीय क्षति हुन पुगेको छ । 'यस्ता घटना दोहोरिन नदिन नियामक र सेवा प्रदायक अत्यन्तै सचेत र संवेदनशील हुनैपर्छ । नेपालको हवाई सुरक्षा कमजोर छ भन्ने प्रचारले पर्यटन क्षेत्रमा निकै असर पारेको छ। युरोपेली संघले कालो सुचीमा राखेको छ।कालो सुचीबाट हटाउन र नेपालको हवाई यातायात सुरक्षित छ भनेर कमि कमजोरी हटाउन र गल्ती गर्नेलाई कार्वाही हुन नसकेमा छानबिन आयोग बनाउनु कर्मकाण्डी हुनेछ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# सुन्तलामा कत्ले कीराको प्रकोप

पोखरापत्र संवाददाता
पोखरा, ९ साउन

पोखरा महानगरपालिका-२१ कृष्ती क्षेत्रका सुन्तलामा कत्ले कीराको प्रकोप देखिएको छ। यहाँको काफलबोटेलगायतका स्थानमा झण्डै एक सय रोपनी क्षेत्रफलमा लगाइएको सुन्तला खेतीमा कत्ले कीराको प्रकोप देखिएको पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो।

कत्ले कीराको प्रकोप बढ्दै गएको कृषकहरूबाट जानकारी आएपछि प्राविधिकसहितको टोली पुगेर सुन्तला बगैंचाको स्थलगत अवलोकन गरिएको उहाँले बताउनुभयो । उक्त कीराको प्रकोपबाट सुन्तलालाई बचाउनका लागि कृषकहरूलाई आवश्यक प्राविधिक सल्लाह दिइएको र त्यसअनुसार उनीहरू लागिसकेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार कत्ले कीराको शरीरको रङ्ग रुखको पात तथा बोक्रासँग मिल्दोजुल्दो हुने हुँदा सजिलै चिन्न सकिदैन । मसिना, गोला तथा चेप्टा राता खैरा रङ्गका यी कीराहरु मैनाको ढकनीले ढाकिएर रहने र बोटको हाँगा, मुना, फल सबै भागमा चुसी नोक्सान गर्छन् । यो कीरा लागेको ठाउँमा कमिला देखिन्छ । यसले विरुवाको पात, डाँठ, मुना र फलबाट रस चुस्दछन जसको फलस्वरुप बिरुवा बढ्न सक्दैनन् । साना बिरुवामा यी कीराले धेरै क्षति पुऱ्याउँछन् । नरम शरीर भएका कत्लेकीराले आफ्नो शरीरबाट मह जस्तो गुलियो पदार्थ निकाल्छन् । यस्तो गुलियो पदार्थमा कालोढुसीको अत्यधिक वृद्धि भइ पातलाई ध्वासो जस्तो पदार्थले ढाक्दछ।

# विद्यार्थी सङ्ख्या घटेपछि क्याम्पस नै बन्द हुने स्थितिमा

पोखरापत्र संवाददाता
बागलुङ, ९ साउन

झन्डै ३४ वर्षअगाडि स्थापना भएको बलेवा बहुमुखी क्याम्पसमा विद्यार्थी सङ्ख्या घट्दै गएका छन् । कक्षा १२ पासपछि धेरैको रोजाइ विदेश हुँदा क्याम्पसमा विद्यार्थी न्यून बन्दै गएका हुन् ।

हरेक वर्ष विद्यार्थी सङ्ख्या घटेपछि क्याम्पसको अस्तित्व नै सङ्कटमा पर्ने जोखिम बढेको छ । बागलुङ नगरपालिका-१३ स्थित बलेवा पैयुँपाटा बहुमुखी क्याम्पसमा विसं २०७० सम्म विद्यार्थीको चाप थियो। दैनिक डेढ सयको हाराहारीमा क्याम्पस आएर पढ्ने विद्यार्थी हुन्थे तर अहिले भर्ना हुने ५० जना पनि छैनन् । बागलुङ बजार नजिकै रहेको पैयुँपाटा गाउँमा विसं २०४७ मा क्याम्पस स्थापना हुँदा गाउँका विद्यार्थीले सहज रूपमा उच्च शिक्षा हासिल गर्न पाएका थिए । पछि गाउँलेको बजार मोह र विद्यार्थीको बढ्दो विदेश पलायनका कारण क्याम्पस रित्तो बन्दै गएको हो। दिनप्रति दिन विद्यार्थीको सङ्ख्या घट्दै गएपछि क्याम्पस नै बन्द हुने जोखिम बढेको छ। क्याम्पसमा विद्यार्थीलाई निःशुल्क पढाउने वातावरण बनाए पनि सङ्ख्या बढ्न सकेको छैन।

अहिले क्याम्पसमा गाउँका छोरी बुहारी मात्रैले परीक्षा दिने गरेका छन् । पुरुष विद्यार्थी निकै न्यून छन् । क्याम्पस अनुदान आयोगबाट आउने सहयोग र अक्षकोषबाट सञ्चालन भएको बलेवा बहुमुखी क्याम्पसका प्रमुख ज्ञानेन्द्रराज पन्तले बताउनुभयो । हाल क्याम्पसमा एक पूर्णकालीन, नौ आंशिक प्राध्यापक र कर्मचारी कार्यरत रहेको उहाँको भनाइ छ । अनुदान आयोगबाट वार्षिक रु ११ लाख ९० हजार आउने र क्याम्पसको रु एक करोड ४५ लाख अक्षकोष रहेको हुँदा त्यसबाट क्याम्पस सञ्चालन गरिरहेको पन्त बताउनुहुन्छ । क्याम्पसमा दैनिक पढ्ने विद्यार्थी नहुने उहाँको भनाइ छ । क्याम्पसमा शिक्षा र व्यवस्थापन सङ्कायको पढाइ हुने उहाँ बताउनुहुन्छ।

"दश वर्षअगाडि सम्म विद्यार्थीको सङ्ख्या राम्रै थियो, त्यसपछि हरेक वर्ष घट्दै गएको छ, बागलुङ बजार पनि नजिकै रहेको हुँदा कोही बजार जान्छन्, कोही पोखरा, काठमाडौं गएर पढ्छन्, गाउँमा विद्यार्थीको सङ्ख्या निकै कम भएको हुँदा क्याम्पस पनि न्यून बन्दै गएको हो", क्याम्पस प्रमुख पन्तले भन्नुभयो, "केही वर्ष अगाडिसम्म विदेश जाने चलन कम थियो, अहिले १२ पास गर्न नपाउँदै विद्यार्थी सबै विदेशको तयारीमा लाग्छन्, त्यसले गर्दा गाउँका क्याम्पसमा विद्यार्थी निकै कम भए ।" बागलुङ-१३ का अध्यक्ष नारायणप्रसाद शर्मा पौडेलले २०४७ सालमा गाउँका विद्यार्थीलाई सहज रूपमा उच्च शिक्षा दिलाउनका लागि आफूहरूले ठूलो सङ्घर्ष गरेर क्याम्पस स्थापना गरेको तर अहिले बन्द हुने स्थितीमा पुगेको बताउनुभयो।

गाउँमा १२ पास भएर पढाइ छाडेकाहरूलाई पढ्नका लागि प्रोत्साहन गर्दै निःशुल्क पढ्ने वातावरण तय गर्दा पनि विद्यार्थी नबढेको उहाँको भनाइ छ।

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल

फोन नं. ५९७००५७, पो.ब.नं २५९७९

## हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दावी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI ४०४०००११३ | शान्ति गुरुङ | पुतलीबजार-११, स्याङ्जा |
| २ | GLI ०६१००१५८४० | भुवन पौडेल | आँधीखोला-५, स्याङ्जा |

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

## मालपोत कार्यालय कास्की पोखराबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २७ निवासी तिले कुमालको नाती बुद्धि बहादुर कुमालका छोराहरु दुर्ग बहादुर कुमाल र सेर बहादुर कुमाल तथा बुहारी विशुमाया कुमाल को द.न. ७४३३ मिति २०८१/०३/२७ को छुट जग्गा दर्ता नामसारी गरिपाउँ माग निवेदनमा कास्की जिल्ला साविक अर्घौ भौजे ४ नं. का जि.मु वयान बहादुर श्रेष्ठको जिम्मा रहेको १९९१ सालको लगतमा मोठ नं. २६७, द्र.न.४२ का नंदे कुमालका नाममा लगत कायम रहेको सर्वे नापीका समयमा अर्घौ गा.वि.स वडा नं. ३ को कि.नं. ७८ क्षे.फ. ०-७-१-० विरहमा मकै दोयम जनिएको बुद्धि बहादुर कुमाल (ठेगाना अर्धौ बजार वडा नं.३ बाबु बाजे खाली) का नाममा फिल्डबुक भएको, बुद्धि बहादुर कुमालबाट तिरो तिरी भोग चलन गर्दै आएकोमा साविक जग्गाधनी बुद्धि बहादुर कुमालको मृत्यु भएको निजका हकवाला आफुमात्र भएकोले संयुक्त नाममा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनि निवेदन प्राप्त भएकाले तिरोमा उल्लेख नन्दे भन्ने डण्डे कुमाल र लगतका नंदे कुमाल फरक फरक व्यक्ति भएमा वा उक्त जग्गामा यस अघि अन्य कसैले कारवाही चलाएको भएमा वा निवेदकहरुको माग बमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा उक्त जग्गामा अन्य कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला अन्यथा कानुन बमोजिम भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। ईति संवत २०८१ साल श्रावण महिनाको ०७ गते रोज २ शुभम्।

# हार्दिक समवेदना



जन्मः २०६३/०१/२४ गते

स्वर्गारोहणः २०८१/०४/०४ गते

**स्व. प्रकृत बुद्धाचार्य**

यस भैरब साँस्कृतिक संरक्षण समितिका सहयोगी दाता श्री गोपालमान बुद्धाचार्यका नाति तथा श्री प्रदिप बुद्धाचार्यका प्रिय सुपुत्र **प्रकृत बुद्धाचार्य (भैरब नृत्यमा बराह कलाकार)** को १८ वर्षको उमेरमा भएको अकल्पनिय असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । साथै यस समितिले एक होनहार कलाकार गुमाएको छ । उहाँको स्वर्गारोहण भएको आज सातौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**तीर्थमान प्रधानाङ्ग**
**अध्यक्ष एवं**
**भैरब सांस्कृतिक संरक्षण समिति परिवार**
**पोखरा, कास्की**

# हार्दिक समवेदना



जन्मः २०६३/०१/२४ गते

स्वर्गारोहणः २०८१/०४/०४ गते

**स्व. प्रकृत बुद्धाचार्य**

श्री सूर्य विनायक सिः गुठीका सदस्य पोखरा मोहरियाटोल निवासी बाजे गोपालमान बुद्धाचार्य ज्यूको नाति पितामाता प्रदिप/गुणलक्ष्मी बुद्धाचार्यका सुपुत्र **प्रकृत बुद्धाचार्य** को १८ वर्षको उमेरमा भएको अकल्पनिय असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज सातौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**तेजमान बुद्धाचार्य**
**नायों एवम्**
**श्री सूर्य विनायक सिः गुठी परिवार**
**पोखरा, कास्की**

## सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
## Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : वनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक
कर्पोरेट कार्यालय : महालक्ष्मी-४, ईमाडोल, ललितपुर
फोन नं.: ०१-५९१२७५२/०११-६६२२७५
Website : www.swmfi.com.np


# कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुले बिभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋण/कर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु/बुझाउने पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत नतिरी, नबुझाई ऋण/कर्जा सम्बन्धी शर्त बन्देजहरुको उलङ्घन गर्नु भएकोले ऋण/कर्जा चुक्ता/भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस वित्तीय संस्थामा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋण/कर्जाको सम्पूर्ण साँवा, व्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता/भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्याद भित्र वित्तीय संस्थालाई तिर्नु/बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, व्याज, हर्जना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस वित्तीय संस्था बीच भएका लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने छ। धितो सुरक्षण मार्फत कर्जा लिएको भए धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुन बमोजिम अन्य कानुनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी महानुभावहरुलाई यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

| क्र.सं. | शाखा कार्यालय | ऋणीहरुको नाम | श्रीमान/ बाबुको नाम | बाजे/ससुराको नाम | ठेगाना | | नागरिकता प्रमाणपत्र | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | हालको | नम्वर | जारी मिति | जारी स्थान |
| १ | १३ किलो | राजु घले | सबिना गुरुङ | तुल बहादुर गुरुङ | बारपाक -२, बालुवा | अजिरकोट -४, बालुवा | ४४३०५५.८२ | २०७३/०२/१४ | गोरखा |
| २ | १३ किलो | गिता बराम | ईश्वर बराम | आईत बहादुर बरामु | श्रीनाथकोट -७, सिम्ले | सिरानचोक -७, सिम्ले | ४४१०३१.८९५ | २०७०/१०/०६ | गोरखा |
| ३ | १३ किलो | धनमाया कुमाल | ध्रुव बाबु कुमाल | पृथ्वी बहादुर कुमाल | गोरखा १२, १० किलो | गोरखा -१२, १० किलो | ४४-०१-७७-०४६१७ | २०७७/१०/०७ | गोरखा |
| ४ | १३ किलो | अश्मिता बराम | बिक्रम बराम | गोबिन्द बराम | सिरानचोक -७, सिम्ले | सिरानचोक -७ सिम्ले | ४४-०१-७५-०३३०५ | २०७५/०५/२० | गोरखा |
| ५ | पालुङटार | काशी गुरुङ | आइत राम गुरुङ | सेर बहादुर गुरुङ | पालुङटार न.पा -४ | पालुङटार न. पा -४ | ४४-०१-७२-०९४३५ | २०७२/११/०९ | गोरखा |
| ६ | पालुङटार | सिता गुरुङ | सनिल गुरुङ | ओम बहादुर गुरुङ | केराबारी -२, गोरखा | सिराचोक गा.पा. -१ | ४३१०१९-१२४५३२ | २०६७/०२/१७ | तनहुँ |
| ७ | पालुङटार | उजेली कुमाल | राम चन्द्र कुमाल | पुर्ण बहादुर कुमाल | मिरकोट -५, गोरखा | पालुङटार न.पा -४ | ४४१०२२/२५४ | २०६५/०७/१८ | गोरखा |
| ८ | पालुङटार | चिजा माया थापा मगर | सुक बहादुर थापा मगर | जय बहादुर थापा मगर | रिस्ती -१, तनहुँ | भानु न. पा. -६ | ४३१०२३/८२ | २०६८/०१/२२ | तनहुँ |
| ९ | पालुङटार | शोभा परियार | खुशीमान परियार | कृष्ण बहादुर दर्जी परियार | थालाजुङ -३ गोरखा | सिरानचोक गा.पा. -२ | ४४१०३०/८४७ | २०६९/०७/२२ | गोरखा |
| १० | रानीकुवा | अम्विका पौडेल | चित्र बहादुर वि क | कृष्ण बहादुर वि क | भरतपुर -११, चितवन | गाउँशहर ३ लमजुङ | ४०७१३ | २०६५/०५/१० | चितवन |
| ११ | थर्पु | अमृता थापा | भिम बहादुर मस्राङ्गी | गणेश मान शाह | म्याग्दे -७, तनहुँ | म्याग्दे ७, तनहुँ | ४३१०३३.४२ | २०६७/०४/२३ | तनहुँ |
| १२ | थर्पु | भिम कुमारी दरै | मुक्त राना दरै | हिमलाल दरै | व्यास -१, तनहुँ | व्यास १, तनहुँ | ४३१००१-८५० | २०६७/१२/०८ | तनहुँ |
| १३ | थर्पु | सविना तामाङ | कमल सुनार | सुब्बा बहादुर सुनार | म्याग्दे -३, तनहुँ | म्याग्दे ३, तनहुँ | ४६१०२०-२५४ | २०६५/१२/२३ | तनहुँ |
| १४ | थर्पु | विष्णु कुमारी सार्की | जित बहादुर सार्की | हर्क बहादुर सार्की | शुक्लागण्डकी -७, तनहुँ | शुक्लागण्डकी ७, तनहुँ | ५६५५ | २०४५/०१/२० | तनहुँ |
| १५ | हटिया | हिरा सार्की | टेक बहादुर सार्की | हिरा बहादुर सार्की | हरिचौर -०८, बागलुङ | गल्कोट नगरपालिका ०६, बाग्लुङ | ५०१०१७/२९३५२ | २०६८/१०/१८ | बागलुङ्ग |
| १६ | छहरा | लक्ष्मी सार्की | दल बहादुर सार्की | दुर्गे सार्की | मुभुङ्ग -०३, पाल्पा | रैनादेवी छहरा ०४, पाल्पा | ३९-०१-७१-०७७८३ | २०७१/१०/२६ | पाल्पा |
| १७ | छहरा | कमला मगर | अम्मर बहादुर मगर | ढक बहादुर मगर | सोमादी -०४ पाल्पा | रैनादेवी छहरा ०५, पाल्पा | ३९-०१-७४-०७१६४ | २०७४/०९/०९ | पाल्पा |
| १८ | वामीटक्सार | बाबुराम विश्वकर्मा | बिमला बिश्वकर्मा | बाजिराम बिश्वकर्मा | बडागाउँ -०८ गुल्मी | मुसिकोट न.पा. ०३, गुल्मी | ४७ | २०६१/०१/२१ | गुल्मी |
| १९ | बुर्तिवाङ्ग | पार्वती कामी | भिउसन कामी | पदमे कामी | देविस्थान -१, बागलुङ्ग | निसिखोला गा.पा. ०१, बागलुङ्ग | ५०२०५६/१२६३७ | २०७१/२/०५ | बागलुङ्ग |
| २० | बुर्तिवाङ्ग | उषा वि.क | धन बहादुर कामी | रने कामी | देविस्थान -१, बागलुङ्ग | निसिखोला गा.पा. ०१, बागलुङ्ग | ५०३०५६/५८ | २०६३/१०/०९ | बागलुङ्ग |
| २१ | बुर्तिवाङ्ग | दिलमाया रसाईली | भिम बहादुर रसाईली | लामकाने कामी | बोगादोभान -६, बागलुङ्ग | तमानखोला गा.पा. ०२, बागलुङ्ग | ५०२०५२/२३३० | २०७१/०१/०७ | बागलुङ्ग |
| २२ | बुर्तिवाङ्ग | देउ कुमारी घर्ती | तम बहादुर घर्ती | रुद्र बहादुर घर्ती | बुर्तिवाङ्ग -३, बागलुङ्ग | ढोरपाटन न.पा ०२, बागलुङ्ग | ५०२०५३/२२८७ | २०६६/०९/२१ | बागलुङ्ग |
| २३ | बुर्तिवाङ्ग | मिना वि.क | प्रेम बहादुर वि.क | भोमे कामी | निसिखोला गा.पा -७, बाग्लुङ्ग | निसिखोला गा.पा ०७, बागलुङ्ग | ५०/०५/७५/०२०६८ | २०७५/०८/२४ | बागलुङ्ग |
| २४ | बुर्तिवाङ्ग | यम कुमारी वि.क | राम बहादुर वि.क | डिल बहादुर कामी | बोगादोभान -८, बागलुङ | तमानखोल गा.पा. ०२, बागलुङ्ग | ५०३०५२/६२९ | २०६३/१२/०४ | बागलुङ्ग |
| २५ | बुर्तिवाङ्ग | यम कुमारी सिंह | खडक बहादुर सिंह | राम बहादुर सिंह | देविस्थान -१, बागलुङ्ग | निसिखोला गा.पा ०१, बागलुङ्ग | ५०३०५६/२०० | २०६३/१०/११ | बागलुङ्ग |
| २६ | हार्थोक | तुल्सीमाया कुँवर | हरि प्रसाद पराजुली | खगेश्वर पराजुली | अश्लेवा -८, गुल्मी | देवदह ०८, रुपन्देही | ३२०७८ | २०५९/०९/२३ | गुल्मी |
| २७ | हार्थोक | अनीता न्यौपाने | लक्ष्मण न्यौपाने | हरि प्रसाद न्यौपाने | अर्गली -३, पाल्पा | रिब्दीकोट ०१, पाल्पा | ३९३००१-२९५ | २०६३/१०/१८ | पाल्पा |
| २८ | बलेटक्सार | धनमाया दर्लामी | बिष्णु बहादुर दर्लामी | बिर बहादुर दर्लामी | गुल्मीदरबार -०४, गुल्मी | गुल्मीदरबार ०४, गुल्मी | ४११०१६/१०५५०१ | २०६८/१२/१३ | गुल्मी |
| २९ | बलेटक्सार | लक्षिमा बि.क. | चन्द्र बहादुर बि.क. | राजेन्द्र विश्वकर्मा | रुरुक्षेत्र -०३, गुल्मी | रुरुक्षेत्र ०३, गुल्मी | ४१०१/७५/०१२८७ | २०७५/०२/०७ | गुल्मी |
| ३० | शान्तिपुर | जय कुमारी दर्लामी (राना) | प्रकाश राना | गुमान सिङ राना | हर्राचौर -०९, गुल्मी | चन्द्रकोट ०३, गुल्मी | ०४१३०४०/८५ | २०६३/१०/२७ | गुल्मी |
| ३१ | शान्तिपुर | सपना श्रेष्ठ | सन्तोष श्रेष्ठ | ओम प्रकाश श्रेष्ठ | शान्तीपुर -०१, गुल्मी | चन्द्रकोट ०४, गुल्मी | ४१३०३३/१०६ | २०६३/११/१४ | गुल्मी |
| ३२ | शान्तिपुर | मिना कार्की | बेल बहादुर कार्की | मदन बहादुर कार्की | ग्वाघा -०९, गुल्मी | चन्द्रकोट ०५, गुल्मी | १३०३६/२९२ | २०६७/१०/२० | गुल्मी |
| ३३ | शान्तिपुर | नितु दगामी | रबिलाल दगामी | नाहादेब दगामी | हरेवा -०२, गुल्मी | चन्द्रकोट ०६, गुल्मी | ४११०३७/४४१ | २०६८/१०/१८ | गुल्मी |
| ३४ | शान्तिपुर | माया दर्लामी | पदम बहादुर दर्लामी | डम्मर बहादुर दगामी | मस्याम -०२, पाल्पा | चन्द्रकोट ०४, गुल्मी | ४८८ | २०६७/१०/१२ | गुल्मी |
| ३५ | मजुवा | पदम कुमारी दमाई | हर्के दमाई | गंगे दमाई | चन्द्रकोट गा.पा. -७, गुल्मी | चन्द्रकोट गा.पा. ०७, गुल्मी | १२४१ | २०४५।०१।०३ | गुल्मी |
| ३६ | गौडाकोट | कल्पना टण्डन खत्री | तिल बहादुर टण्डन खत्री | हिक बहादुर टण्डन खत्री | गुल्मी दरबार -४, गुल्मी | गुल्मी दरबार ०४, गुल्मी | ४११०१६/९०६६० | २०६७/०७/०८ | गुल्मी |
| ३७ | गौडाकोट | मनिषा ढेंगा | चन्द्र बहादुर ढेंगा | टोप बहादुर ढेंगा | छत्रकोट -१, गुल्मी | छत्रकोट ०१, गुल्मी | ४१-०१-७५-०३०२६ | २०७५/०४/०८ | गुल्मी |
| ३८ | खर्ज्याङ्ग | नेत्रकला वि.क.सुनार | रविलाल सुनार | हुम बहादुर सुनार | अमरअर्वाथोक -०७, गुल्मी | गुल्मी दरबार ०५, गुल्मी | ४११०१३/९०९२५ | २०६७/०७/११ | गुल्मी |
| ३९ | खर्ज्याङ्ग | सोमा वि.क. | लक्ष्मण वि.क. | जंग बहादुर वि.क. | अमरअर्वाथोक -०३, गुल्मी | गुल्मी दरबार ०५, गुल्मी | ४११०१३-९६७०० | २०६८/०१/२३ | गुल्मी |
| ४० | खर्ज्याङ्ग | सरस्वती विश्वकर्मा | ज्ञान बहादुर वि.क. | धन बहादुर वि.क. | वलकोट -०७, गुल्मी | गुल्मी दरबार ०५, गुल्मी | ४११०१२.७८४६ | २०६६/०१/२८ | गुल्मी |
| ४१ | बयरघारी | खिम कुमारी दमै | हेम बहादुर दमै | शिब बहादुर दमै | मल्याङकोट -४, स्याङ्जा | चापाकोट न.पा ४, स्याङ्जा | ४२२०१३.५२ | २०६६/१०/२५ | स्याङ्जा |
| ४२ | बयरघारी | थम माया गुरुङ | उम बहादुर गुरुङ | धुन बहादुर गुरुङ | मनकामना -२, स्याङ्जा | बिरुवा गा.पा ७, स्याङ्जा | ४२२०१४.३२२२ | २०६५/०३/०२ | स्याङ्जा |
| ४३ | बयरघारी | फातुमा खातुन | मोहमत दिन मिया | महवत मिया | पुतलीबजार न.पा -११, स्याङ्जा | पुतलीबजार न.पा ११, स्याङ्जा | ४२-०१-७१-०१०६२ | २०७१/०३/०५ | स्याङ्जा |
| ४४ | बयरघारी | सैदुन मिया | मोहमद मिया | जहर दिन मिया | पुतलीबजार न.पा -११, स्याङ्जा | पुतलीबजार न.पा ११, स्याङ्जा | ९७७५५ | २०६५/१२/२८ | स्याङ्जा |
| ४५ | साखर | बत्तुल मिया | रहमद हुसेन मिया | अलि हुसेन | दहथुम -६, स्याङ्जा | रामपुर ४, पाल्पा | ४२१०३५.९३४३ | २०६५/०२/०३ | स्याङ्जा |
| ४६ | बिरुवा | कुसुम गुरुङ | मिलन गुरुङ | दल बहादुर गुरुङ | हरिनास -०३, स्याङ्जा | हरिनास ०३, स्याङ्जा | ४२-०१-७२-०४१६७ | २०७२/१२/१८ | स्याङ्जा |
| ४७ | बिरुवा | सावित्री गुरुङ | खड्क बहादुर गुरुङ | कोम बहादुर गुरुङ | हरिनास -०३, स्याङ्जा | हरिनास ०३, स्याङ्जा | ४२-०१-७६-०३०३९ | २०७६/०८/०४ | स्याङ्जा |
| ४८ | त्रिवेणी,पर्वत | डिल माया नेपाली | राजु नेपाली | लोक बहादुर नेपाली | बराचौर गा.वि.स.-९, पर्वत | विहादी गा.पा ०२ पर्वत | ५१३०३०-१८४ | २०६३/१०/०७ | पर्वत |
| ४९ | बायाटारी | जोहोरा खातुन | अब्दुल रहमान | रम्जान मिया | पुतलीबजार न.पा. -३ | पुतलीबजार न.पा. ३ | ४२-०१-७४-०१६९६ | २०७४/०४/१८ | स्याङ्जा |
| ५० | बायाटारी | सोगरा मिया | अब्जल करिम मिया | अलिजान मिया | पुतलीबजार न.पा. -११ | पुतलीबजार न.पा. ११ | ४२-०१-७१-०४१३१ | २०७१/११/२५ | स्याङ्जा |
| ५१ | बायाटारी | सुकुरा मिया | मकवुल मिया | रम्जान अलिमिया | भिरकोट न.पा. -१ | भिरकोट न.पा. १ | ७५८४८ | २०६१/०२/२७ | स्याङ्जा |
| ५२ | बायाटारी | कमला खत्री | रविन कुमार खत्री | हिम बहादुर खत्री | भिरकोट न.पा. -१ | भिरकोट न.पा. १ | ४२-०१-७०-०००५१ | २०७०/०१/०४ | स्याङ्जा |
| ५३ | बायाटारी | सायरा खातुन कादिर | अब्दुल कादिर | हावि मिया | रामपुर न.पा. -४ | भिरकोट न.पा. १ | ३९-०२-७४-०२६९३ | २०७४/०२/११ | पाल्पा |
| ५४ | बायाटारी | गौ माया खत्री | धन बहादुर खत्री | रन बहादुर खत्री | भिरकोट न.पा. -३ | भिरकोट न.पा. ३ | ४२३०३८/८८ | २०६३/११/०७ | स्याङ्जा |
| ५५ | बायाटारी | याम कुमारी खत्री | अर्जुन खत्री | चित्र बहादुर खत्री | भिरकोट न.पा. -३ | भिरकोट न.पा. ३ | ४२-०१-७२-०१९९६ | २०७२/०६/१७ | स्याङ्जा |
| ५६ | बायाटारी | मिना थापा सार्की | रन्जित बहादुर थापा सार्की | श्याम बहादुर थापा सार्की | भिरकोट न.पा. -५ | भिरकोट न.पा. ५ | ४२२०३३/३१४२६ | २०६४/१२/१८ | स्याङ्जा |
| ५७ | बायाटारी | सावित्रा के.सी. | सन्तोष के.सी. | चित्र बहादुर के.सी. | भिरकोट न.पा -३ | भिरकोट न.पा ३ | ४२६६८०५ | २०५९/०१/२५ | स्याङ्जा |
| ५८ | बायाटारी | खातुन मिया | मकवुल मिया | रम्जान अलिमिया | भिरकोट न.पा -३ | वालिङ न.पा १ | २२७५ | २०४४/११/२७ | स्याङ्जा |
| ५९ | बायाटारी | कमला गुरुङ | गंग बहादुर गुरुङ | डमन सिंह गुरुङ | वालिङ न.पा -८ | वालिङ न.पा ८ | ४२२०१४/३१०१९ | २०६४/११/०५ | स्याङ्जा |
| ६० | बायाटारी | आशिया मिया | अजिव मिया | अहिफ मिया | जामुने गा.वि.स.-७, तनहुँ | भिरकोट न.पा. ३ | १००४/१२१४१५ | २०६४/०२/०६ | तनहुँ |
| ६१ | बायाटारी | यानु गुरुङ | निम बहादुर गुरुङ | पदम बहादुर गुरुङ | वालिङ न.पा -१ | वालिङ न.पा १ | ४२२०३९/१२५ | २०६८/०७/०३ | स्याङ्जा |
| ६२ | बायाटारी | ओ माया गुरुङ | लोक बहादुर गुरुङ | पदम बहादुर गुरुङ | वालिङ न.पा -१ | वालिङ न.पा १ | ३४९६९ | २०५३/०६/०६ | स्याङ्जा |
| ६३ | बायाटारी | बिमा कुमारी तिवारी | हरि प्रसाद तिवारी | पुर्ण भद्र तिवारी | भिरकोट न.पा -६ | भिरकोट न.पा ६ | ४३२८ | २०४४/१२/२९ | स्याङ्जा |
| ६४ | हटिया | मिना कुमारी परियार | रमेश परियार | तेज बहादुर दमै | अर्लाङकोट -७, गूल्मी | मुसिकोट नगरपालिका ९ गुल्मी | ४१.०१.७३.०६४७१ | २०७३/०८/३० | गुल्मी |
| ६५ | छहरा | लक्ष्मी सार्की | दल बहादुर सार्की | दुर्गे सार्की | मुभुङ्ग -३, पाल्पा | रैनादेवी छहरा ४, पाल्पा | ३९-०१-७१-७७८३ | २०७१/१०/२६ | पाल्पा |
| ६६ | छहरा | कमला मगर | अम्मर बहादुर मगर | ढक बहादुर मगर | सोमादी -४, पाल्पा | रैनादेवी छहरा ५, पाल्पा | ३९-०१-७४-०७१६४ | २०७४/०९/०९ | पाल्पा |
| ६७ | डिमुवा | भगवती कुमारी लामिछाने श्रेष्ठ | पुर्ण बहादुर लामिछाने | देव बहादुर लामिछाने | तिलहार -७, पर्वत | तिलहार ७, पर्वत | ७३८.२८८३ | २०४०/१०/०५ | पर्वत |
| ६८ | डिमुवा | सविना निसा | मुहमद रफिक मिया | अमिन खाँ मिया | पुतलीबजार -९, स्याङजा | तिलहार ६, पर्वत | ४२८६९ | २०५४/१०/२६ | स्याङ्जा |
| ६९ | कर्पुटार | मनमाया राना तामाङ | भिम वहादुर तामाङ | सुक बहादूर तामाङ गुरुङ | करापु -४, लमजुङ | करापु ४, लमजुङ | ६१७९५ | २०६३/०९/०३ | लमजुङ |
| ७० | वामीटक्सार | ज्ञानु दर्लामी | लोक बहादुर दर्लामी | चुडा बहादुर दलामी | जलजला -९ वाग्लुङ | जलजला ९, बाग्लुङ | ५०३०४५.२३० | २०६३/१२/१५ | बाग्लुङ |
| ७१ | वामीटक्सार | चेङ्ग्री दमिनी | झक बहादुर दमाई | गुण बहादुर | भिमगिठे -८, बाग्लुङ | बडीगाड, ६ बाग्लुङ | ६८ | २०४६/०२/३० | बाग्लुङ |